
म्याग्दे गाउँपालिका तनहुँले विकास निर्माण, आर्थिक तथा सामाजिक विकास एवं सेवा प्रवाहका सम्बन्धमा गरेका समग्र कामहरुको आ.व.२०८२/०८३ को

दोश्रो चौमासिकको सार्वजानिक सुनुवाई कार्यक्रम

# कार्यक्रम प्रतिवेदन




मितिः २०८२ चैत १६ गते, सोमबार

स्थानः म्याग्दे गाउँपालिका वडा नम्बर ५ को कार्यालय तनहुँ

सहजिकरणः लोकवाणी पब्लिकेशन प्रा.लि.तनहुँ

लोकवाणी दैनिक
दमौली, तनहुँ

विषय-सुची

| क्र.स | शिर्षक |
|---|---|
| १ | म्याग्दे गाउँपालिकाको परिचय |
| २ | विषय प्रवेश (सार्वजानिक सुनुवाईको परिचय, विषयबस्तु) |
| ३ | सार्वजानिक सुनुवाई कार्यक्रमको उद्देश्य |
| ४ | सार्वजानिक सुनुवाई कार्यक्रमको तयारी |
| ५ | सार्वजानिक सुनुवाई कार्यक्रम |
| ६ | अनुसुचिहरु |

अनुसुचिहरु

१. कार्यक्रम सन्चालन तालिका

२. कार्यक्रमको विस्तृत विवरण

३. आचार संहिता

४. सहभागीहरुबाट उठेको जिज्ञासा तथा सुझावहरु

५. जवाफ तथा समाधान

६. नागरिक अभिमत सर्भेक्षण

७. बहिर्गमन अभिमत


८. सेवा प्रवाह सम्बन्धमा देखिएका समस्या र गाउँपालिका तथा वडा कार्यालयलाई नागरिकका सुझावहरु

९. सहभागीको हाजिरी विवरण

१०. पत्रपत्रिका समाचार र तश्विरहरु

Scanned with CamScanner

१. म्याग्दे गाउँपालिकाको परिचय:




तनहुँ जिल्लाको साविकका गा.वि.स.हरु मध्ये छाङ्ग, जामुने र मनपाङ्ग गाविसलाई समायोजन गरी म्याग्दे गाउँपालिका गठन गरिएको हो । यस गाउँपालिकाको नाम 'म्याग्दे' कसरी रहन गयो भन्नेबारे ऐतिहासिक लिखित आधारहरु खासै भेटिएको छैन । जामुनेको दभुङ्गबाट शुरु भएर छाङ्ग र मनपाङ्ग दुई गाविसको सीमारेखा हुँदै शुक्लागण्डकी नगरपालिकाको दोभान पुगेपछि सेती नदीमा समाहित भएको एउटा प्रख्यात खोलाको नाम हो 'म्याग्दे' । छाङ्ग, मनपाङ्ग र जामुने तीनै वटा गाविसको एउटा उर्वर भूमि वा फाँटको नाम हो म्याग्दे, यसैकारण यस गाउँपालिकाको नाम "म्याग्दे" गाउँपालिका राखिएको हो भन्ने अनुमान लगाउन सकिन्छ ।

नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरुको पुनः संरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ साल फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णयअनुसार यस तनहुँ जिल्लाको साविकका गा.वि.स.हरु मध्ये छाङ्ग, जामुने र मनपाङ्ग गाविसलाई समायोजन गरी म्याग्दे गाउँपालिका गठन गरिएको हो ।

Scanned with CamScanner

समावेश भएका साविकका गाविसहरुलाई विभाजन गरी जम्मा ७ वटा वडा बनाइएका छन् । यस गाउँपालिकाको जम्मा क्षेत्रफल ११५ वर्ग किलोमिटर रहेको छ भने यसको सिमानामा पूर्वमा व्यास नगरपालिका, पश्चिममा भिमाद र शुक्लागण्डकी नगरपालिका, उत्तरमा शुक्लागण्डकी र व्यास नगरपालिका, दक्षिणमा भिमाद नगरपालिका र ऋषिङ्ग गाउँपालिका रहेका छन् । केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जम्मा परिवार संख्या ६५०८ र जम्मा जनसंख्या २३५७८ मध्ये पुरुष १०८८२ र महिला १२६९६ रहेका छन् साथै ८२.१६ साक्षरता प्रतिशत रहेको छ । (श्रोत: म्याग्दे गाउँपालिकाको वेवसाईट)




## गाउँपालिकाद्वारा निर्मित ऐन, कानुन कार्यविधि तथा निर्देशिकाहरु

म्याग्दे गाउँपालिकाले विभिन्न ऐन, कानुन, कार्यविधि र निर्देशिकाहरु बनाएको छ । जसमा आर्थिक ऐन, लगत संकलन सम्बन्धि कार्यविधि, स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ती सम्बन्धि मापदण्ड, स्थानीय तहको विनियोजन ऐन, होमस्टे सन्चालन कार्यविधि, होमस्टेमा पर्यटन पुर्वाधार विकास गर्न अनुदान दिने कार्यविधि, विपद व्यवस्थापन कोष सन्चालन कार्यविधि, स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, स्विकृत दर रेट, घर नक्सा पास तथा घर कायम कार्यविधि, स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, एकिृत सम्पत्तीकर व्यवस्थापन सम्बन्धि कार्यविधि, सामाजिक सुरक्षा सन्चालन कार्यविधि रहेका छन् ।

Scanned with CamScanner

आफ्नो कार्यालयले वर्षभरिमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ लागु भएको छ । सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्ध निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाइन्छ । सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । वर्तमान अवस्थामा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको सुशासन प्रवर्द्धन रणनिति तथा कार्ययोजना २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने व्यवस्था गरेको छ ।

कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुसासन, उत्तरदायी र जिम्मेवारपूर्ण शासन शैलीलाई देश विकासको मुख्य आधार मान्न सकिन्छ । स्थानीय तहहरुले आफ्ना काम तथा कार्यक्रमको पारदर्शिता र जवाफदेहिताका लागि सार्वजनिक सुनुवाई र सामाजिक परिक्षणसम्बन्धि छुट्टै कार्यविधि बनाई नियमित रुपमा सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण गर्नुपर्ने हुन्छ ।

तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ र पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तव्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्वोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने हुन्छ । हरेक सरकारी कार्यालयहरुको कामको गति र सुधारका क्षेत्र पत्ता लगाउन स्वअध्ययनको व्यवस्था पनि छ । स्थानीय तहको स्वमुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अनिवार्य बनाईएको छ । स्थानीय तहले कार्यविधि तयार गरेर भए पनि सार्वजनिक सुनुवाई जस्ता पारदर्शीता सम्बन्धि कार्यक्रम सञ्चालन गनुपर्ने हुन्छ ।

नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (सन्चालन तथा व्यवस्थापन) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले सन्चालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । स्थानीय सरकार सन्चालन ऐन-२०७४ दफा ७८ (५) मा सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ । साथै स्थानीय तह संस्थागत क्षमता

Scanned with CamScanner

स्वमुल्यांकन कार्यविधि २०७७ ले पनि चौमासिक रुपमा सार्वजानिक सुनुवाई गर्न निर्देश गरेको छ ।

यस्तै गन्डकी प्रदेश सरकारको प्रदेश सुशासन नियमावली-२०७७ मा सार्वजानिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त नियमावलीमा आफ्नो कार्यालयबाट सेवाग्राहीलाई उपलब्ध गराईएका वा गराइने सेवा सुविधाको बारेमा जानकारी दिन, आफ्नो कार्यालयसँग सम्बन्धित समस्या, जनगुनासो, तथा उजुरीका सम्बन्धमा, आफ्नो कार्यालयबाट चालु आर्थिक वर्षमा सन्चालन गर्न लागिएका योजना, कार्यक्रम, आयोजना वा परियोजना बजेट आदिका विषयमा सम्बन्धित सरोकारवाला तथा इच्छुकहरुलाई जानकारी दिन, आफ्नो कार्यालयले सन्चालन गरेको कार्यक्रमहरुको मुल्यांकन गर्न, सेवाग्राही समक्ष जनाएका प्रतिबद्धता पुरा गर्ने सम्बन्धमा कार्यालयले गरेको प्रयासको बारेमा जानकारी दिन तथा अघिल्लो सार्वजानिक सुनुवाईमा औंल्याईएका विषयमा भएका सुधारको बारेमा जानकारी दिन सार्वजानिक सुनुवाई कार्यक्रम गर्नु पर्ने व्यवस्था गरिएको छ । यिनै पृष्ठभुमीको आधारमा म्याग्दे गाउँपालिका तनहुँको आर्थिक वर्ष २०८२/०८३ दोश्रो चौमासिक अवधिको सार्वजानिक सुनुवाई सन्चालन गरियो ।

कार्यक्रमका उद्देश्यहरु:

सार्वजानिक सुनुवाई कार्यक्रमको उदेश्य यस म्याग्दे नगरपालिकाले आ.व. २०८२/०८३ को प्रगतिको समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्दै जनताको चासो, जिज्ञासा, गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरु ग्रहण गर्नु हो ।

कार्यक्रमका थप उदेश्य तपसिल अनुसार छ ।

- ➢ गाउँपालिकाबाट सन्चालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वजनिक गर्नु ।
- ➢ गाउँपालिकाबाट सम्पादन भएका कार्यक्रम, नीति, बजेट तथा सेवाको बारेमा नागरिकलाई जानकारी गराई नागरिकको सुझाव संकलन गर्ने ।
- ➢ गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने ।

Scanned with CamScanner

- सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।
- समग्र गाउँपालिकाको आर्थिक सुधार र समृद्धीमा टेवा पुर्‍याउने ।
- जनमैत्री सेवाको विस्तार गर्न तथा नागरिकको सेवाप्रतिको विश्वास परिक्षण गर्ने ।

सार्वजानिक सुनुवाई कार्यक्रमबाट निम्न अपेक्षा गरिएको छ-

१. गाउँपालिका र नागरिकहरुको सम्बन्ध अझ राम्रो हुने

२. कार्यसम्पादन गर्दा देखिएका राम्रा र नराम्रा दुबै पक्षको मुल्यांकन हुने

३. गाउँपालिकाको कार्य सम्पादनलाई अझ नागरिक मैत्री बनाईने ।

४. गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने ।

५. सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने ।

६. स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।

७. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

लक्षित वर्ग, व्यक्ति र समुह

Scanned with CamScanner

१.गाउँपालिकाका सम्पुर्ण लाभग्राही तथा सेवाग्राहीहरु

२. गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरु

३. सन्चारकर्मी लगायत सम्बन्धित सम्पुर्ण सरोकारवालाहरु

४.सार्वजानिक सुनुवाई कार्यक्रमको तयारी

सार्वजानिक सुनुवाई कार्यक्रम सन्चालन गर्ने तयारी स्वरुप म्याग्दे गाउँपालिकाले २०८२ चैत ९ गते सार्वजानिक सुचना प्रकाशित गरेको थियो । त्यसपछि तेश्रो पक्षको रुपमा रहेको सहजकर्ता संस्थाको कार्यालयबाट गाउँपालिकाको कार्यालय र विभिन्न वडाहरुमा गई नागरिक अभिमत प्रतिबेदन तयारी स्वरुप नागरिक सर्वेक्षण गरिएको थियो ।

Scanned with CamScanner

सार्वजानिक सुनुवाई कार्यक्रम गर्ने सम्बन्धमा गाउँपालिकाबाट प्रकाशित सुचना

: २०८२/०८३ : २०८२/१२/०९

: – दोश्रो चौमासीक सार्वजानिक सुनुवाई कार्यक्रम सम्वन्धमा ।

प्रस्तुत विषय सम्वन्धमा यस गाउँपालिकाको आ.व. ०८२।०८३ को दोश्रो चौमासीक सार्वजानिक सुनुवाइ कार्यक्रम ( तेश्रो पक्ष मार्फत सहजीकरण सहित ) तपशिल वमोजिमको मिति समय र स्थानमा हुन गईरहेको हुदा वडा न ५, का पदाधिकारी, कर्मचारी सवै र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत सहित कार्यपालिकाको सम्पुर्ण टिम, विषयगत शाखाप्रमुख, सवै उपस्थित हुनुपर्ने भएको हुदा सो दिन वडा न. ५ का पदाधिकारी, कर्मचारी ,गाउँपालिकाका पदाधिकारी, कर्मचारी र गाउँपालिकाको विषयगत शाखावाट प्रदानहुने ( २०८२।१२।१६ गते) नियमीत सेवा आंशिक रुपमा अवरुद्ध हुनेहुदा सो वाट पर्नजाने असुविधा तथा असमर्था प्रति गाउँपालिका परिवार सरोकार सवै सग क्षमाप्राथि गर्दै वडा न.५ का स्थानीय नागरीक, गाउँपालिका स्तरीय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि सवै र म्याग्दे वासी सरोकार राख्ने सवै स्थानीय नागरिक लाई उक्त कार्यक्रममा सहभागी भई सेवाप्रवाहा, विकाशका समग्रपक्ष र सुशासन र पारदर्शिताका विषयमा आफनो महत्वपुर्ण, प्रश्न, जिज्ञाशा, तथा सुझाव राखीदिनुहुन समेत यसै सूचना मार्फत जानकारी गराउदछौ ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

**तपशिल**

मिति :– २०८२।१२।१६ गते सोमवार

स्थान :– म्याग्दे ५ वडा कार्यालय भवनको प्राङगणमा )

समय :– विहान ११ वजे

Scanned with CamScanner

कार्यक्रम सन्चालन तालिका

**मितिः २०८२ चैत्र १६ गते सोमबार, स्थानः म्याग्दे गाउँपालिका वडा नम्बर ५ को कार्यालय तनहुँ**

| क.स | कार्यक्रम | सम्बन्धित व्यक्ति |
|---|---|---|
| १ | कार्यक्रमको सन्चालन | सहजकर्ताः प्रकाशचन्द्र भट्टराई (लोकवाणी पब्लिकेशन प्रालि) |
| २ | कार्यक्रमको अध्यक्षताः | गाउँपालिकाका अध्यक्ष : श्रीप्रसाद श्रेष्ठ |
| ३ | अतिथीहरुः आसन ग्रहण | १.उपाध्यक्षः बालकृष्ण घिमिरे<br>२.प्रमुख प्रशासकीय अधिकृतः नारायणप्रसाद अधिकारी<br>**वडा अध्यक्षहरुः**<br>वडा नम्बर १ का वडा अध्यक्षः मणिभद्र वाग्ले<br>वडा नम्बर २ का वडा अध्यक्षः शिवबहादुर रानाभाट<br>वडा नम्बर ३ का वडा अध्यक्षः टुकराज अधिकारी<br>वडा नम्बर ४ का वडा अध्यक्षः दिपक श्रेष्ठ<br>वडा नम्बर ५ का वडा अध्यक्षः शिवबहादुर आले<br>वडा नम्बर ६ का वडा अध्यक्षः हिरालाल गुरुङ<br>वडा नम्बर ७ का वडा अध्यक्षः बसन्तकुमार श्रेष्ठ<br>**सम्पुर्ण कार्यपालिका सदस्यहरुः**<br>बद्रीका घिमिरे भट्टराई, चिनीमाया थापा, जानकी थापा, सिता कुमाल र थममाया विक<br>**वडा नम्बर ५ का वडा सदस्यहरुः**<br>खिमानन्द वाग्ले, लोकेन्द्र गुरुङ र सविता विक<br>**अन्य अतिथीहरु**<br>**गाउँपालिकाका शाखा प्रमुखहरु तथा अन्य कर्मचारीहरु** |

Scanned with CamScanner

| | | |
|---|---|---|
| ४ | अन्य अतिथीहरु ( राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु ) आसन ग्रहण | १. मनोज अधिकारी: सभापती राष्ट्रिय स्वतन्त्र पार्टी गाउँ समिति<br>२.रामभक्त घिमिरे : सभापती नेपाली काँग्रेस गाउँ कार्य समिति<br>३.द्वारिका घिमिरे: नेकपा एमाले गाउँ कमिटि अध्यक्ष<br>४.बालकृष्ण श्रेष्ठ : अध्यक्ष नेकपा माओवादी केन्द्र गाउँ कमिटि |
| ५ | अतिथीहरु ( सन्चारकर्मीहरु) आसन ग्रहण | १.राजकुमार श्रेष्ठ: अध्यक्ष, प्रेस चौतारी तनहुँ<br>२.ऋषिकान्त दुवाडी: सहसचिव नेपाल पत्रकार महासंघ तनहुँ शाखा |
| ६ | स्वागत मन्तव्य तथा उद्देश्य र विषय बस्तुमाथि प्रकाश | नारायणप्रसाद अधिकारी : प्रमुख प्रशासकीय अधिकृत म्याग्दे गाउँपालिका |
| ७ | राष्ट्रिय गान/म्याग्दे गाउँपालिका स्थानीय ज्ञान | सबै सहभागीहरुबाट |
| ८ | शहिदप्रति श्रद्धान्जली | सबै सहभागीहरुबाट |
| ९ | उद्घाटन | व्यानर पढेर कार्यक्रमको अध्यक्ष गाउँपालिका अध्यक्षबाट |
| १० | सार्वजानिक सुनुवाई कार्यक्रमको विषयबस्तुबारे जानकारी एवं आचार संहिता प्रस्तुत | सहजकर्ताबाट |
| ११ | गाउँपालिकाबाट दोश्रो चौमासिकको अवधिमा | १.प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारी |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | सन्चालन भएका विकास निर्माण र सेवा प्रवाहको बारेमा गाउँपालिकाको तर्फबाट जानकारी प्रदान | २.पुर्वाधार शाखाका प्रमुख इन्जिनियर शिव ज्ञवाली<br>३.आर्थिक विकास तथा जिन्सी शाखाका प्रमुख प्रदिप न्यौपाने<br>४.योजना शाखाका प्रमुख श्रीराम खनाल<br>५.पशु विकास उपशाखाका प्रमुख मुक्तिराम पौडेल<br>६.प्रशासन शाखाका प्रमुख इन्द्र खनाल<br>७.शिक्षा शाखाका विष्णु क्षत्री<br>८.आर्थिक प्रशासन शाखाका प्रमुख शिवजी थापा<br>९.स्वास्थ्य शाखाका प्रमुख तिलकराज घिमिरे<br>१०.कृषि विकास उपशाखाकी प्रतिनिधि टिका खत्री<br>११.राजश्व परामर्श शाखाका प्रमुख सम्भु पौडेल<br>१२.रोजगार प्रबर्द्धन शाखा प्रमुख रमिन घिमिरे<br>१३.पन्जीकरण शाखाका एककुमार श्रेष्ठ<br>१४.सामी परियोजनाकी निशा विक<br>१५.नगर प्रहरी कमान्डर चन्द्रकुमार श्रेष्ठ |
| १२ | नागरिक अभिमतबारे जानकारी | सहजकर्ता प्रकाशचन्द्र भट्टराईबाट |
| १३ | गाउँपालिकाको सेवा तथा विकास निर्माणबारे सुझाव तथा जिज्ञासा प्रस्तुत | १.मनोज अधिकारी (राष्ट्रिय स्वतन्त्र पार्टी सभापती)<br>२. मदन थापा सभापती नेपाली काँग्रेस वडा समिति<br>३. सेवाग्राही कुलबहादुर थापा<br>४.लेकवेशी टोल विकास संस्थाकी अध्यक्ष मिरा श्रेष्ठ<br>५.फुलबारी टोल विकास संस्थाकी अध्यक्ष धनमाया थापा<br>६.भैरवथान टोल विकास संस्थाका अध्यक्ष निशान गुरुङ |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | ७.कान्छीबाराही टोल विकास संस्थाकी अध्यक्ष शारदा उपरकोटी<br>८.कन्यादेवी टोल विकास संस्थाकी अध्यक्ष मिरा थापा<br>९.धारापानी टोल विकास संस्थाकी अध्यक्ष जितकुमारी शाही |
| १७ | जवाफ तथा जिज्ञासा समाधान | १.शिवबहादुर आले: वडा अध्यक्ष, वडा नम्बर ५<br>२.नारायणप्रसाद अधिकारी: प्रमुख प्रशासकीय अधिकृत<br>३.बालकृष्ण घिमिरे: गाउँपालिका उपाध्यक्ष<br>४.श्रीप्रसाद श्रेष्ठ: गाउँपालिकाका अध्यक्ष |
| १८ | सहभागीलाई धन्यवाद सहित कार्यक्रम समापन | श्रीप्रसाद श्रेष्ठ: गाउँपालिकाका अध्यक्ष एवं कार्यक्रमको अध्यक्ष |

५.कार्यक्रमको विस्तृत विवरण

म्याग्दे गाउँपालिका तनहुँको आयोजना तथा लोकवाणी पब्लिकेशन प्रालिको सहजिकरणमा चालु आर्थिक वर्ष २०८२/०८३ को दोश्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ चैत १६ गते सोमबार वडा नम्बर ५ को कार्यालय परिसरमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले म्याग्दे गाउँपालिकालाई समृद्ध र समुन्नत बनाउने गरि काम भईरहेको बताउनुभयो । पालिकाको श्रोत र साधनको सिमितताले लक्ष्य अनुसार भने काम गर्न नसकिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । चालु आ.वमा ९ करोड आन्तरिक आयको अनुमान गरिएकोमा फागुन मसान्तसम्म २ करोड ५० लाख रुपैयाँ मात्र संकलन भएको हुँदा अवको अवधिमा उक्त लक्ष्य भेटाउन निकै कठिनाई हुने भन्दै अध्यक्ष श्रेष्ठले आन्तरिक आय कमी हुँदा योजना अनुसारको काम गर्न समस्या हुने बताउनुभयो । शिक्षा, स्वास्थ्य, कृषि, पुर्वाधार, सरसफाइ व्यवस्थापन, शुसासन, पारदर्शिता, मितव्ययी, भ्रष्टाचारमा शून्य शहनसिलता लगायतका कामले म्याग्दे गाउँपालिकालाई गन्डकी प्रदेशमै उत्कृष्ट बनाउन सफल भएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । अध्यक्ष श्रेष्ठले गाउँपालिकाले उत्पादन र कृषिमा विशेष जोड दिएको बताउनुभयो । उत्पादन विना पालिका

Scanned with CamScanner

वडाबासीलाई जानकारी गराउनुपर्ने, सार्वजनिक जग्गा अतिक्रमण भईरहेको हुँदा त्यसलाई नियन्त्रण गर्नुपर्ने, विकास निर्माण आवश्यकताको आधारमा नभई विभेद हुने गरेको, सिप मुलक तालिम हुनुपर्ने, दलित सचेतना कार्यक्रम हुनुपर्ने, पहुँचका भरमा काम गरेको जस्तो विषयमा नागरिकले सुझाव तथा जिज्ञासा राख्नुभएको थियो । पालिकाले गरेको काम कारवाहीलाई आम जनतामा पुग्ने गरि प्रचार गर्नुपर्ने, जनताको उल्लेख्य सहभागितामा सार्वजनिक कार्यक्रम गर्नुपर्ने र जनताले महशुश गर्ने गरि पालिकाले काम नगरेको सेवाग्राहीको प्रश्न रहेको थियो ।

सो कार्यक्रममा नेपाली काँग्रेस म्याग्दे गाउँपालिका वडा नम्बर ५ का सभापती मदन थापा, स्थानीय युवा कुलबहादुर थापा, लेकवेशी टोल विकास संस्थाकी अध्यक्ष मिरा श्रेष्ठ, फुलबारी टोल विकास संस्थाकी अध्यक्ष धनमाया थापा, भैरवथान टोल विकास संस्थाका अध्यक्ष निशान गुरुङ, कान्छीबाराही टोल विकास संस्थाकी अध्यक्ष शारदा उपरकोटी, कन्यादेवी टोल विकास संस्थाकी अध्यक्ष मिरा थापा, धारापानी टोल विकास संस्थाकी अध्यक्ष जितकुमारी शाही लगायतले विभिन्न विषयमा जिज्ञासा राख्नुभएको थियो ।

उठेका जिज्ञासाको गाउँपालिकाका अध्यक्ष श्रेष्ठ, उपाध्यक्ष घिमिरे तथा प्रमुख प्रशासकीय अधिकृत अधिकारी तथा वडा अध्यक्ष आलेले प्रष्ट पार्नुभएको थियो । सो कार्यक्रमको सन्चालन लोकवाणी पब्लिकेशन प्रालिको तर्फबाट प्रकाशचन्द्र भट्टराईले गर्नुभएको थियो । उक्त कार्यक्रममा म्याग्दे गाउँपालिकाका वडा नम्बर ५ का जनप्रतिनिधि, विभिन्न टोल विकास संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि संघसंस्थाका प्रतिनिधि, आमा समुह, विभिन्न संघ संस्थाका एक सय जना भन्दा बढिको सहभागिता रहेको थियो ।

सार्वजानिक सुनुवाई कार्यक्रममा पालन गर्नु पर्ने आचार संहिता

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नु पर्दछ ।

२. सहभागीले प्रश्न या सुझाव के राख्ने हो स्पष्ट राख्नु पर्दछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न या जिज्ञासा राख्नुपर्दछ ।

४. सेवाग्राही सहभागी नागरिक धेरैलाई प्रश्न गर्न समयदिनु पर्ने भएकोले बुँदागतरुपमा छोटकरीमा प्रश्न राख्नुपर्छ ।

५. आफुभन्दा पहिलेका सहभागीले बोलेको कुरालाई दोहोर्‍याउन जरुरी हुनेछैन ।

Scanned with CamScanner

६. चित्त नबुझेमा सहजकर्ताको अनुमती लिएर थप प्रश्न गर्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसैप्रति पनि लान्छनायुक्त आरोप लगाउन पाइनेछैन ।

८. वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने गरि वा बदलाको भावनाबाट भनाई या प्रश्न राख्न पाईनेछैन ।

९. राजनीतिक आग्रह या पुर्वाग्रहबाट प्रश्न सोध्न पाईने छैन ।

१०. कार्यक्रमलाई विषयान्तर हुनबाट रोक्न सबै सहभागी सचेत बन्नु पर्छ ।

सहभागीहरुबाट उठेको जिज्ञासा तथा सुझावहरु

| क.स | प्रश्नकर्ताको नाम | प्रश्न, जिज्ञासा तथा सुझावहरु |
|---|---|---|
| १ | कुलबहादुर थापा, (युवा समाजसेवी) | १.सुचना सबैले देख्नेगरि राख्नुपर्छ<br>२. प्राकृतिक श्रोतको उत्खनन सबैलाई जानकारी गराएर राख्नुपर्छ ।<br>३. विवहा दर्ता जस्तै संख्यामा सम्बन्ध विच्छेदपनि भईरहेको छ । यो डरलाग्दो छ, सम्बन्ध विच्छेद घटाउने खालको सचेतना कार्यक्रम सन्चालन गर्नुपर्छ ।<br>४. बसाई सराई रोक्नुपर्छ । |
| २ | मिरा श्रेष्ठ (लेकवेशी टोल विकास संस्थाको अध्यक्ष) | १.वर्षाको समयमा घरहरु डुबानमा पर्छ ।<br>२.जनशक्ति आधारभुत विद्यालयमा शिक्षकको आवश्यकता छ ।<br>३. सार्वजानिक जग्गाको संरक्षण गर्नुपर्छ । |
| ३ | धनमाया थापा (फुलबारी टोल विकास सस्थाको अध्यक्ष) | १. घाटहरुबाट चोरी निकासी भईरहेको छ ।<br>२. सार्वजानिक जग्गा अतिक्रमण भएको छ ।<br>३. सिपमुलक तालिम आउँदा सबै टोललाई |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | जानकारी गराउनुपर्छ ।<br>४.ब्लक फ्याक्ट्रीको धुलो र ध्वनी प्रदुषणले नागरिकलाई समस्या भएको छ ।<br>५. नाङ्गो तारले जोखिम बढाएको छ । |
| ४ | निशान गुरुङ (भैरवथान टोल विकास संस्थाको अध्यक्ष) | १. बाटो खन्दा वडाले छुट्याएको बजेटले पुगेन, बजेट थप गर्नुपर्छ । |
| ५ | शारदा उपरकोटी मिजार (कान्छी बाराही टोल विकास संस्थाको अध्यक्ष) | १.आयुर्वेद संस्थाको औषधी लिन थर्पुमा रहेको आयुर्वेद स्वास्थ्यकेन्द्र जान समस्या भएको छ । वडा कार्यालयबाट नै औषधी वितारणको व्यवस्था मिलाउनुपर्छ ।<br>२. हिरामणी प्राविमा विद्यार्थी संख्या निकै कम छ, विद्यार्थी संख्या बढाउन स्कुल भ्यान हाल्नुपर्छ ।<br>३. दलित समुदायकोलागि सचेतना र सिपमुलक कार्यक्रम सन्चालन गर्नुपर्छ ।<br>४. दलित बालबालिकालाई निशुल्क शिक्षा दिनुपर्छ । |
| ६ | मिरा थापा (कन्यादेवी टोल विकास संस्थाको अध्यक्ष) | १. टोलमा चिल्ड्रेन पार्क बनाउन तार बारेर जग्गा संरक्षण गरिराखेका छौं तर बजेट उपलब्ध भएन ।<br>२. थाङदी सहकारी बन्द भएको धेरै भयो, धेरै जना दिदि बहिनीको रकम डुबेको छ । त्यो रकम फिर्ता गराउन पहल गर्नुपर्छ । |
| ७ | जितककुमारी शाही (धारापानी टोल विकास संस्थाको अध्यक्ष) | १. घाटहरुबाट चोरी निकासी भईरहेको छ ।<br>२. सार्वजानिक जग्गा अतिक्रमण भएको छ । |

Scanned with CamScanner

| | | |
|---|---|---|
| ८ | मदन थापा (सभापती नेपाली काँग्रेस वडा कार्य समिति) | १. पालिकाले उत्खनन गर्दा सार्वजानिक जग्गा र नीजि जग्गाको करको दर जथाभावी लिईएको छ ।<br><br>२. नदीको सामाग्री जथाभावी उत्खनन भईरहेको छ । |
| ९ | मनोज अधिकारी (सभापती राष्ट्रिय स्वतन्त्र पार्टी गाउँ सभापती) | १. समस्या धेरैछन्, समाधानको लागि पालिका गम्भिर बन्नुपर्छ ।<br><br>२. बसाई सराईको समस्या ठुलो छ ।<br><br>३. करको दर बढाईएको छ । यसमा पुनर्विचार गर्नुपर्छ ।<br><br>४. आवश्यकताको आधारमा मात्रै कर्मचारी भर्नागर्नुपर्छ ।<br><br>५. आफ्नै पसलको साईनबोर्ड राख्दा पनि कर तिर्नुपरेको छ ।<br><br>६. घाटबाट सबैभन्दा धेरै आम्दानी वडा नम्बर ५ बाट प्राप्त भएको छ, त्यसकारण वडा नम्बर ५ लाई सोही अनुसार बजेट विनियोजन गर्नुपर्छ । |

Scanned with CamScanner

जवाफ तथा समाधान

१. गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठको जवाफ




-म्याग्दे गाउँपालिकालाई समृद्ध र समुन्नत बनाउने गरि काम भईरहेको छ ।

-शिक्षा, स्वास्थ्य, कृषि, पुर्वाधार, सरसफाइ व्यवस्थापन, शुसासन, पारदर्शिता, मितव्ययी, भ्रष्टाचारमा शून्य शहनसिलता लगायतका कामले म्याग्दे गाउँपालिकालाई गन्डकी प्रदेशमै उत्कृष्ट बनाउन सफल भएको छ ।

-गाउँपालिकाले उत्पादन र कृषिमा विशेष जोड दिएको छ ।

-उत्पादन विना पालिका समृद्ध नहुने हुँदा कृषि र उत्पादनले मात्र विकास निर्माणको ढोका खोल्छ

-गाउँपालिकाले जनजीविकाका सवालमा विशेष काम गरेको भएता पनि विपक्षीले विरोध मात्र गरेका छन् ।

-सकारात्मक कर्म नदेख्ने तर विरोधका नाममा मात्र फगत विरोध गरिरहने प्रवृत्तिले कही पनि नपुगिने हुदाँ रचनात्मक सहयोग सवैले गरेमा मात्र पालिका समृद्ध बन्नसक्छ ।

-‘लामो समयदेखि समाज रुपान्तरण र विकासमा काम गरेको हुदाँ कुनै पनि अनैतिक अवान्छनिय र अर्मादित गतिविधी गर्दिन ।’

Scanned with CamScanner

२. गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेको जवाफ




-जनताको कामलाई प्राथमिकतामा राखि काम गरिएको छ ।

-गाउँपालिका तथा सरकार सवै जनताको भएको हुदाँ सवैभन्दा पहिलो सेवा गरिव तथा दिनदुखिको लागी दिनुपर्छ ।

-एकातर्फ उनीहरुको पहुँच नपुग्ने र सेवा लिन सम्म नसक्ने जनता पहिलो प्राथमिकीकरणमा पर्नुपर्छ ।

-सेवा लिनेले पाईरहने र नपाउनेले नपाउदाँ सर्वसाधरणको सरकार नवन्ने हुदाँ समतामुलक विकासमा जोड दिनुपर्छ ।

-करको दरमा पुनर्विचार हुन्छ ।

-व्यवसायीक किसिमले राखिएका होर्डिङबोर्डबाट राजश्व उठाउनुपर्छ ।

-आन्तरिक आम्दानी कम भएको हुँदा करका दायराहरु खोज्नुपर्छ ।

-शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पर्यटन, खेलकुँद, पुर्वाधार लगायतमा विशेष जोड दिएका छौं ।

Scanned with CamScanner

३. गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीको जवाफः




-चालु आर्थिक वर्षको दोस्रो चौमासिक सम्ममा सम्पन्न भएका कार्यक्रम तथा गाउँपालिकाबाट सञ्चालित विकासका कार्यक्रमहरु, उपलब्ध सेवा सुविधा तथा नागरिकले उठाएका प्रश्नहरूमा प्रष्टता ल्याउन र नागरिकबाट प्राप्त रचनात्मक सुविधाहरुलाई ग्रहण गर्दै जिम्मेवार संस्कार बसाई आम नागरिकको चासो सरकार तथा विकास निर्माणका योजना र समस्याको समाधान गरी सेवाग्राहीको रुपमा आएका सर्वसाधारण प्रति सेवाप्रदायक निकायबाट भए गरेका क्रियाकलाप लगायत पारदर्शिताको स्थानीय निकायमा सार्वजनिक सुनाई कार्यविधि बमोजिम आम सर्वसाधारणमा जानकारी गराउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो ।

-संघीय, प्रदेश र स्थानीय तहले निर्माण गरेको विभिन्न कानुनको परिधिमा रही कार्य सम्पादन भईरहेको छ ।

-सेवाग्राहीको समस्यामा आफु सदैव क्रियाशिल भएको छु ।

-जनताको सेवाका लागी बसेको कर्मचारी जनताप्रति उत्तरदायी हुनुपर्छ ।

-जनताको सेवाका लागी एकीकृत घुम्ति शिविर, मृगौला परिक्षण, दन्त परिक्षण शिविर, पाठेघरको परिक्षण लगायतका विभिन्न कार्यक्रम गरेको हुदाँ भोलिका दिनमा आम जनताको आवश्यकताका आधारमा पालिका अगाडी वढेको छ ।

-नागरिकको सन्तुष्टि नै सबैभन्दा महत्वपुर्ण हो ।

-तेश्रो पक्षबाट सार्वजानिक सुनुवाई हुंदा जनताको वास्तविक धारणा आउँछ ।

Scanned with CamScanner

-नागरिकको सुझावलाई ग्रहण गर्दै आगामी दिनमा नीति तथा कार्यक्रम र बजेट बनाईनेछ ।

-सरसफाई केन्द्रलाई व्यवस्थित रुपमा सन्चालन गर्छौ । थर्पु अस्पतालमा दक्ष चिकित्सक सहितको स्वास्थ्य सेवा उपलब्ध गराउँछौं ।

-चिस्यान केन्द्रमा सबै नागरिकले उत्पादन गरेका बस्तुहरु भण्डारण गर्न सहज र सुलभ सेवा उपलब्ध गराउँछौं ।

-खानेपानी सेवालाई सबैको पहुँचमा पुर्‍याउने छौं ।

४. वडा नम्बर ५ का अध्यक्ष शिबहादुर आलेको जवाफ




-सबै पक्षसँग समन्वय गरेर काम गरिरहेका छौं ।

-सार्वजानिक सुनुवाई कार्यक्रममा प्रस्तुत भएका गुनासा र सुझावलाई ग्रहण गरि आगामी दिन वडाको योजना तर्जुमा गरिने छ ।

-सिपमुलक कार्यक्रम आउँदा सबै टोलका अध्यक्ष मार्फत सुचना पठाईन्छ ।

-कसैलाई पनि भेदभाव गरिएको छ ।

-वडामा आउने बजेट नै कम भएको हुँदा अपेक्षा अनुसारको कामगर्न सकिएको छैन ।

-सम्झौता भएका योजनाहरु सबै कार्यान्वयनको चरणमा छन् ।

Scanned with CamScanner

नागरिक अभिमत सर्वेक्षण

कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजानिक सुनुवाई गर्नु पुर्व विभिन्न यस वडाका कम्तीमा ५० जना नागरिकहरुसँग विभिन्न विषयमा सर्वेक्षण गरिएको थियो ।

**नागरिक प्रतिबेदन**

नागरिक प्रतिबेदन सेवाग्राही नागरिकले सेवा लिंदा प्रतक्ष्यरुपमा देखेका र भोगेका कुराहरुलाई समेटेर तयार गरिएको प्रदिबेदन हो । सार्वजानिक सुनुवाईको कार्यविधि अनुसार यस वडा नम्बर ५ का सेवाग्राही तथा वडाबासीहरुसँग प्रतक्ष्यरुपमा कुराकानी गरि नागरिक प्रतिबेदन तयार गरिएको छ । हामीले कम्तीमा ५० जना नागरिकसँग प्रतक्ष्यरुपमा कुराकानी गरेका छौं । यसमा महिला, दलित, जनजातीलाई उल्लेख्य रुपमा समेटेर प्रतिबेदन तयार गरेका छौं ।

**नागरिक प्रतिबेदनमा सहभागीहरुको संख्या**

| सहभागीको संख्या | महिला | पुरुष |
|---|---|---|
| ५० | ३५ | १५ |

नागरिक प्रतिबेदनमा समावेश प्रश्न र नागरिकको जवाफ (प्रतिशतमा)

**१. सेवाको सन्तुष्टि**

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कत्तिको सन्तुष्टी पाउनु भयो ?

क) सन्तुष्ट ९० ख) ठीकै १० ग) असन्तुष्ट ०

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट ८० ख) ठीकै २० ग) असन्तुष्ट ०

**२. सेवाको नियमितता**

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेका समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट ८० ख) ठीकै २० ग) असन्तुष्ट ०

Scanned with CamScanner

२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

क) विश्वस्त ९० ख) ठीकै १० ग) विश्वास छैन ०

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

क) तिरेको छैन् १०० ख) एकदमै कम ० ग) धेरै तिरेको ०

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस कार्यालयले दिने सेवा प्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

क) विश्वस्त छु ९० ख) ठीकै १० ग) विश्सास छैन ०

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कतिको छ ?

क) धेरै ७० ख) ठीकै २५ ग) गरेको छैन ५

३.४ यस कार्यालयले विपन्न वर्गका लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

क) छ ६० ख) छैन २५ ग) अलिकति थाहा छ १५

**४. सेवाको गुणस्तर**

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट ८५ ख) कम सन्तुष्ट १५ ग) असन्तुष्ट ०

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुहुन्छ ?

क) आफैं १०० ख) गाउँका ठूला बडाको ग) मध्यस्तकर्ताको

४.३ यस कार्यालयमा तपाईले एउटा कामका लागि कति पटक धाउनु पऱ्यो ?

क) १ पटक ८० ख) २ पटक २० ग) सो भन्दा बढी

**५. सेवा सम्बन्धि जानकारी**

Scanned with CamScanner

५.१ वडा कार्यालयको भौतिक अवस्था कस्तो छ ?

क) अति राम्रो ९० ख) ठीकै १० ग) नराम्रो ०

५.२ कार्यालयमा भएका नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ?

क) छ ८० ख) आंशिक जानकारी छ १० ग) कुनै जानकारी छैन १०

५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

क) अति राम्रो ९० ख) ठीकै १० ग) खासै राम्रो छैन ०

५.४ गाउँपालिकामा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सिमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?

क) २० प्रतिशत जति ५५ ख) ५० प्रतिशत १० ग) थाहा छैन ३५

## ६. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासा सुन्न अधिकारी सम्बन्धमा

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

क) धेरै ५५ ख) कम ३० ग) गरेको छैन १५

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

क) धेरै ५५ ख) ठीकै ३० ग) अति कम १५

६.३ तपाईको विचारमा उजुरी पेटीकाको उपयोग कुन हदसम्म भएको छ ?

क) धेरै भएको छ ३० ख) ठीकै भएको छ ३० ग) भएकै छैन ४०

## ७. सिफारिस सम्बन्धि

७.१ सिफारिसका लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनुभयो ?

क) पाए १०० ख) ठीकै पाए ० ग) स्पष्ट पाइन ०

७.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनुपर्‍यो ?

क) दिए ० ख) थोरै दिए ० ग) मागिएन र दिइएन पनि १००

Scanned with CamScanner

८. स्वास्थ्य तथा सरसफाइ सम्बन्धि

८.१ कार्यालयमा सरसफाइको अवस्था कस्तो छ ?

क) राम्रो ९० ख) ठीकै १० ग) खराब

८.२ कार्यालयमा सरसफाइ सम्बन्धि गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

क) तुरुन्तै हुन्छ ९० ख) एक पटक भनेपछि मात्र हुन्छ १० ग) जति भने पनि हुन्न ०

८.३ तपाईको विचारमा गाउपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धि कार्यक्रम के कस्ता किसिमले गर्छ ?

क) राम्रो ७० ख) ठीकै ३० ग) खराब

९.योजना सन्चालन

९.१ तपाईको गाउँपालिकामा विकास निर्माणको अवस्था कस्तो छ ?

क) राम्रो ७५ ख) ठीकै २५ ग) खराब

९.२ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन ?

क) प्रभावकारी छन् ७५ ख) ठीकै छन् २५ ग) प्रभावकारी छैनन् ०

९.३ योजनाको बिल भूक्तानी दिने व्यवस्था कस्तो छ ?

क) सहज ८५ ख) ठीकै १५ ग) अप्ठयारो

९.४ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

क) पर्दैन १०० ख) मागेरै लिन्छन ० ग) रकम नदिए अप्ठ्यारो पार्छन ०

९.५ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?

क) सजिलै पाइयो ८० ख) कहिले काही पाइयो २० ग) माग गर्दा पनि पाइएन ०

९.६ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु भएको छ ?

क) सजिलै पाइन्छ ७० ख) सोधेपछि पाइन्छ ३० ग) सोधे पनि पाइएन ०

Scanned with CamScanner

९.७ योजना सञ्चालन गर्दा गाउँपालिकाबाट कत्तिको सहयोग पाउनुभएको छ ?
क) धेरै सहयोग पाएको छु ८५ ख) ठीकै सहयोग पाएको छु १५ ग) निरुत्साहित गरिन्छ ०

**आर्थिक श्रोत र कर्मचारीको दक्षता**

१०.१ गाउँपालिकाको आर्थिक श्रोत कस्तो छ ?
क) आवश्यक श्रोत उपलब्ध ८५ ख) कम श्रोत उपलब्ध १५ ग) अति कम श्रोत ०

१०.३ कार्यालयमा भएका कर्मचारीहरुको सीप कस्तो छ ?
क) आवश्यक सीप छ १०० ख) आवश्यकता भन्दा कम छ ग) सीप निकै कम छ ०

१०.४ गाउँपालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?
क) टाँसेको देखेको छु २० ख) कहिले काँही टाँसेको देखिन्छ २५ ग) खै कतै देखिएन ५५

बहिर्गमन अभिमत (**Exit Poll**) संकलन (५० जनासँग)

| सि.न. | सेवाको नाम तथा मुल्यांकन | उपयुक्त कोठामा रेजा लगाउने | | |
|---|---|---|---|---|
| १ | सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट **४५ जना** | ठीकै **५ जना** | अस्पष्ट |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | थोरै **१० जना** | अति धेरै | ठीकै **४० जना** |
| ३ | तपाँइ प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्री पूर्ण **४७ जना** | ठिकै **३ जना** | अमर्यादित |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण ) | अती स्पष्ट **५० जना** | ठिकै | अल्मल्ल हुने गरी |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | कागजात र शुल्क दस्तुर) बारे तपाँइलाई सेवा प्रदायक कर्मचारीले स्पष्ट पारे की पारेनन् ? | गरिदिए **५० जना** | ठिकै | अष्पष्ट सूचना दिए |
| ६ | तपाँइले राख्नु भएको समस्याको बारेमा के कस्ता समाधान दिए ? | अति सजिलो तरिकाले समाधान दिए **४५ जना** | ठिकै **५ जना** | समस्याको समाधान दिन सेकनन् |
| ७ | सेवा प्रदान गर्न अबलम्बन गरिएको तरिका के कस्तो लाग्यो ? | छिटो तथा सजिलो **४८ जना** | ठिकै **२ जना** | लामो र झन्झटिलो |

पारदर्शिता सम्बन्धी

१. सार्वजनिक निकायमा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

उत्तर: १ वटा (**४८ जना**) २ वटा () कार्यक्रम बारे कुनै जानकारी नै छैन (**२ जना**)

२. सार्वजनिक निकायमा अहिले सम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

उत्तर: धेरै (**४०**) कम (**१०**) भएकै छैन

३. सार्वजनिक निकायमा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

उत्तर: भएको छ (**४५ जना**) अहिलेसम्म सञ्चालन भएकै छैन () कार्यक्रम बारे कुनै जानकारी नै छैन (**५ जना**)

४. सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ?

उत्तर: धेरै (**४७ जना**) ठीकै (**३ जना**) कम

५ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

उत्तर: संयन्त्र बनेको छ () कुनै संयन्त्र बनेको छैन () कुनै जानकारी नै छैन (**५० जना**)

Scanned with CamScanner

६. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

उत्तर: धेरै जानकारी पाएको छु (५० जना )  ठीकै जानकारी पाएको छु ()  कम जानकारी पाएको छु ()

Scanned with CamScanner

म्याग्दे गाउँपालिका, गाउँ

कार्यपालिकाको कार्यालय

छाङ्ग, तनहुँ (गण्डकी प्रदेश, नेपाल)

## Main menu

समाचार लिका बैठक सम्बन्धि सूचना। कोल्ड स्टोर सञ्चालन सम्बन्

Home » म्याग्दे गाउँपालिकाको सेवा प्रवाहको अवस्था कस्तो छ? » म्याग्दे गाउँपालिकाको सेवा प्रवाहको अवस्था कस्तो छ?

# म्याग्दे गाउँपालिकाको सेवा प्रवाहको अवस्था कस्तो छ?

Submitted on: Sun, 02/05/2023 - 21:41

अतिनै राम्रो

84% (759 votes)

राम्रो

6% (55 votes)

ठिकै

5% (42 votes)

सन्तोष जनक

6% (52 votes)

Total votes: 908

View Results

गाउँपालिकाको वेबसाईटमा राखिएको एक्जिट पोलको नतिजा

## सेवा प्रवाह सम्बन्धमा देखिएका समस्या र गाउँपालिका तथा वडा कार्यालयलाई नागरिकका सुझावहरु

१. खानेपानीको अभाव रहेको ।

२. खेतीयोग्य फाँटमा सिंचाईको सुविधा पुऱ्याउनुपर्ने ।

३. रासायिनक मल समयमा नपाइने ।

४. कृषि सम्बन्धी सामाग्री अनुदानमा वितरण गर्ने कुरा थाहा नभ्एको ।

५. कृषि तथा भेटेरेनरीको सेवा सहजै नपाईएको, कृषिका बिउ बिजन पनि नपाइने

६.मकैको बिउ पाईएको र अन्य बालीका बिउहरु पनि उपलब्ध गराए राम्रो हुने ।

७. स्वास्थ्य विमा गरिएको तर सेवा प्रभावकारी नभएको ।

८. पालिकामा योजनाको काम लिएर जाँदा प्रक्रिया पुराउन गाह्रो हुने तथा कर्मचारीको पनि गल्ती हुने ।

९. बृद्ध भत्ता गाउँ टोलमै आएर वितरण गर्दा राम्रो हुने ।

१० खेलमैदान जाने बाटो अधुरो रहेको, त्यसलाई पुर्णता दिनुपर्ने

११. एकिकृत बजेट विनियोजन गर्नुपर्ने, कनिका छरे जस्तो बजेटले खासै प्रतिफल नदिने ।

१२. आवश्यक पर्ने ठाउँ र मापदण्ड भन्दा पर बिजुलीको पोल गाडिएको । टोलबाट १० पटक भन्दा बढि वडा कार्यालयमा निबेदन दिँदा पनि बिजुलीको पोल पायक पर्ने ठाउँमा नराखिएको छ ।

१३. विगतदेखी नै कोल्टे परेको छाङ पाटन यसपटक पालिकाको पहुँच भन्दा टाढा रहेको । तर कहिलेकाँहीको घुम्ती शिविरले राहत दिएको छ । घुम्ती शिविर वर्षको २ पटक सन्चालन गर्नुपर्ने ।

१४. छाङपाटन कुमाल समाजको भवन निर्माण गर्न लागिएको तर बजेट अभाव भएको हुँदा बजेट उपलब्ध गराएमा राम्रो हुने थियो ।

१५. वडा कार्यालयले सिप मुलक तालिम दिँदा सबै टोलहरुमा जानकारी गराउनुपर्ने । छाङ पाटन टोलमा जानकारी भएन । युवालाई ड्राइभिङ सम्बन्धि तालिम दिनुपर्ने । महिला लक्षित कार्यक्रम पनि सन्चालन गर्नुपर्ने । ड्राइभिङ्गको तालिम आउँदा आवश्यक पर्नेलाई छनौट नगरेर लाईसेन्स भएकाहरुलाई समावेश गरिएको ।

Scanned with CamScanner

१६. छाङ पाटन देखि घाटमा जाने बाटो मर्मत गर्नुपर्ने ।

१७. भागरघाट पालिकाले खुलाउने निर्णय गर्दा स्थानीय बासिन्दाले विरोध पश्चात उक्त घाट बन्द गरिएको र हाल पालिकामा सेवा लिन जाँदा पालिकाले प्रतिशोध राखेर काममा ढिलाई गरेको महशुस भएको छ ।

१८. योजनामा आएको बजेट फ्रिज भएको ।

१९. अपाङ्गमैत्री भवन निर्माण गर्नुपर्ने ।

२०. वडामा सुचना माग्दा सुचना पाइदैन ।

२१. कर्मचारीले काममा ढिलासुस्ती गर्ने गरेको ।

२२. गाउँपालिकाले सडक निर्माण र पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राख्नुपर्ने ।

२३. विकास, योजना र सेवा सविधालाई आवश्यकताका हिसाबले सबै वडामा न्यायपूर्ण वितरण गर्नुपर्ने ।

२४.आन्तरिक आम्दानीको श्रोत बढाउनुपर्ने ।

२५. योजना छनौट गर्दा टोल स्तरबाट नै आवश्यकता पहिचान गरि छनौट गर्नुपर्ने । बजेट बाँडफाँडमा सर्वसाधरणबाट सुझाव संकलन गर्नुपर्ने ।

२७. फोहोर संकलन गर्ने सवारी साधन नियमित रुमपा आउनुपर्ने ।


२८. योजना र कार्यक्रम निर्माण र सन्चालन गर्दा आमजनताका समस्या सम्बोधन गर्ने खालको योजना सन्चालन गर्नुपर्ने ।

३०. स्वास्थ्य चौकीमा दक्ष स्वास्थ्यकर्मी र उपकरणको व्यवस्था गर्नुपर्ने ।

३१. सामुदायिक सरसफाईलाई प्रोत्साहन गर्नुपर्ने ।

Scanned with CamScanner

कार्यक्रमका तश्विरहरु:

















Scanned with CamScanner

आज मिति २०८१ साल चैत्र १६ गतेका दिन म्याग्दे गाउँपालिकाको आ०व २०८१/०८२ को दोस्रो चौमासिकमा सम्पादित कार्यक्रम विकास आयोजना शासन तथा सेवा प्रवाह सम्बन्धि सार्वजनिक सुनुवाई कार्यक्रम गाउँपालिका अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा तपसिलका उपस्थितिमा संचालन गरियो।

सहजिकरण :- लोकवाणी पब्लिक हेल्थ प्रा०लि, दमौली, तनहुँ

## उपस्थिति

| नाम / थर | पद | संस्था | हस्ताक्षर |
|---|---|---|---|
| श्रीप्रसाद श्रेष्ठ | अध्यक्ष | म्याग्दे गाउँपालिका, तनहुँ | |
| बालकृष्ण घिमिरे | उपाध्यक्ष | " | |
| नारायण प्रसाद अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | " " " | |
| गणे भद्र बाग्ले | वडा नं १ अध्यक्ष | " " " | |
| शिव बहा रानाभाट | वडा -२ " | " " " | |
| प्रमोद बहादुर आले | वडा नं ५ | " " " | |
| टंकराज अधिकारी | वडा नं ३ " | " " " | |
| बसन्त कुमार श्रेष्ठ | वडा नं ६ | " " " | |
| दिपक कुमार मिठु | वडा नं ४ | " " " | |
| हिरा लाल गुरुङ | वडा नं ६ | — — | |
| चन्द्रिका घिमिरे | कार्यपालिका सदस्य | " " | |
| चिनीमाया थापा | " | " " | |
| थम माया वि.क | " | " " | |
| रीता कुमाल | " | " " | |
| सविता वि.क | वडा सदस्य | म्याग्दे - ५ | |
| मदन थापा | | | |
| तिलक राज घिमिरे | कर्मचारी | म्याग्दे २ | |
| टिका रक्की | ना.प्र.स | " | |
| गंगा मगर श्रेष्ठ | वित्तिय साक्षरता सहजकर्ता | " | |
| निशा वि.क | मनोसामाजिक परामर्शकर्ता | " | |
| शारदा अधिकारी मिजार | टोल सचिव म्याग्दे वडा नं २ | | |
| दिलमाया कुमाल | " " " " " | | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| मिन बहादुर वि.क. | काल्दीबाराही टोल म्याग्दे-२ | | मिन बहादुर |
| चित्र बहादुर थापा | उच्च हिमाली टोल | " | [signature] |
| सरिता थापा | धारापानी म्याग्दे २ | | सरिता |
| रत्नी माया थापा | " | " | रत्नी |
| जमुना शाही | " | " | जमुना शाही |
| मुक्ति राम पौडेल | म्याग्दे ८ पशुसेवा शाखा | | [signature] |
| विष्णु कुँवर क्षेत्री | शि. स. प्र. | | [signature] |
| ३१. अनिल अधिकारी | प्रतिनिधि, राजस्व | | [signature] |
| ३२. रमित घिमिरे | रो.जु | | [signature] |
| ३३ खुम बहादुर राई | कोरलीयर गोठाबेकस वि. अध्यक्ष | | [signature] |
| ३४. सविता आले | ज. सरस्वती आमा समूह | अध्यक्ष | सविता |
| ३५ भिम माया गुरुङ | दुर्गा सा. व. उ. समूह | कोषाध्यक्ष | भिम |
| ३६ अर्जुन गुरुङ | घरघरेंडी फुलबारी टोल वि.सं. | सचिव | [signature] |
| ३७. सविता गुरुङ | धरधरेंडी फुलबारी टोल वि.सं. | अध्यक्ष | सविता |
| ३८ तुल बहादुर थापा | कुवाडी सामुदायिक व.उ.स. | अध्यक्ष | [signature] |
| ३९. टोप बहादुर राना | लेकबेशी टोल | सचिव | [signature] |
| ४० प्रेम बहादुर थापा | भैरवथान टोल | सदस्य | [signature] |
| ४१ मगाली थापा | मैजुआमा समूह | कोषाध्यक्ष | मगाली |
| ४२. कमला वि.क. | फुलबारी आमा समूह | म्याग्दे-२ | कमला |
| ४३, दिला " | " | " " | दिला |
| ४४. गुराम गुरुङ | थानीदेवी आमा समूह घरेडी | " | गुराम |
| ४५. दिल सरा गुरुङ | " | " " | दिल |
| ४६ तिर मैंया राना | काल्दी बराही टोल | " | [signature] |
| ४७ अमृता आले | " | " " | अमृत |
| ४८ पूर्णी माया कुमाल | लेकबेशी टोल | " | पूर्णी माया |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| मिरा श्रेष्ठ | टोल वेश्रुटे टोल वि.स. अध्यक्ष | | Mira |
| धनमायाकज. | फुल बारीटोल वि.स अध्यक्ष | | [illegible] |
| राजकुमारी परियार | फूलबारी टोल | | राजकुमारी |
| सुकु याम्मा श्रेष्ठ | फूलबारी टोल | वि स | सुकु |
| पार्वती परिया | फूलबारी टोल | | पार्वती |
| सीता भाडरी | कान्छी वोहडै टोल | | सिता |
| उजेलो वि.क | - - - - | | [illegible] |
| विष्णु माया थापा | - - | | विष्णु |
| सीता शाही | स्याही ५ धारापानी | | सीता |
| सिर्जना आले | म्यार्गदे ५ साउजेपानी | | [illegible] |
| ५६) गमी माया थापा | " " " | | [illegible] |
| ५७ कृष्ण बहादुर गुरुङ | उच्चदिमाली टोल | | [illegible] |
| ५८ - मिरा थापा | - कन्यादेवीटोल | - | मिरा |
| ५६ - विष्णु गौतम | - " " " | - | विष्णु |
| ६० विमला तिपाली | - एकताआमासमुह | - | [illegible] |
| ६१ मिलन थापा | - कान्छी बराही टोल | - | Mnaka |
| ६२, शिवली थापा | | | [illegible] |
| ६३ शिवकावाली | | | [illegible] |
| ६८ प्रदिप थापा | | | [illegible] |
| ६९ श्याम कुमार जोशी | | | श्याम |
| ६० बालकृष्ण श्रेष्ठ | | | [illegible] |
| ६१ इन्द्र प्रसाद सन्याल | | | [illegible] |
| 62. सीताराम कोइराला | यजनाशाखा | | [illegible] |
| 63 कुलबहादुर थापा | | | [illegible] |
| ६४ चन्द्रकान्त सुवेदी | [illegible]टोल | | [illegible] |
| ६५. सोम बहादुर वि.क. | " | | [illegible] |
| ६६. चन्द्र कुमार श्रेष्ठ | [illegible] | | सोमबहादुर |
| ६७ राम बा० थापा | [illegible] ५ | | [illegible] |

| | | | |
|---|---|---|---|
| ५८. | दया थापा | सामाजिक प० व्यक्ति | |
| ५९- | सुरेशा माले थापा | का. स. | |
| 60:- | लोकेन्द्र गुरुङ | वडा सदस्य | |
| 61: | मन बहादुर गुरुङ | टोल अध्यक्ष | |
| 62:- | अवित बहादुर गुरुङ | " | |
| 63 | सच्चिदानन्द पाण्डे | प्रतिनिधि | |
| 64 | नया माया थापा | कान्छी वाराही टोल | नया माया |
| 65. | हिम कुमारी लेगी | फुलवारी टोल | हि मा कु मा |
| 66 | रविकान्त दुवाडी | पत्रकार | |

अनलाइन तथा पत्रिकामा प्रकाशित समाचार:

https://devghatonline.com/news/35485

# म्याग्दे गाउँपालिकाको सार्वजनिक सुनुवाई सम्पन्न, श्रोत र साधनको सिमितताले लक्ष्य अनुसार काम गर्न कठिनाईः अध्यक्ष श्रेष्ठ

Devghat Online प्रकाशित: चैत्र १६, २०८२



तनहुँ। चैत १६

उक्त कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले म्याग्दे गाउँपालिकालाई समृद्ध र समुन्नत बनाउने गरि काम भईरहेको बताए । पालिकाको श्रोत र साधनको सिमितताले लक्ष्य अनुसार भने काम गर्न नसकिएको अध्यक्ष श्रेष्ठले बताए । चालु आ.वमा ९ करोड आन्तरिक आयको अनुमान गरिएकोमा फागुन मसान्तसम्म २ करोड ५० लाख रुपैयाँ मात्र संकलन भएको हुँदा अवको अवधिमा उक्त लक्ष्य भेटाउन निकै कठिनाई हुने भन्दै अध्यक्ष श्रेष्ठले आन्तरिक आय कमी हुँदा योजना अनुसारको काम गर्न समस्या हुने बताए ।



शिक्षा, स्वास्थ्य, कृषि, पुर्वाधार, सरसफाइ व्यवस्थापन, शुसासन, पारदर्शिता, मितव्ययी, भ्रष्टाचारमा शून्य शहनसिलता लगायतका कामले म्याग्दे गाउँपालिकालाई गन्डकी प्रदेशमै उत्कृष्ट बनाउन सफल भएको अध्यक्ष श्रेष्ठले बताए । अध्यक्ष श्रेष्ठले गाउँपालिकाले उत्पादन र कृषिमा विशेष जोड दिएको बताए । उत्पादन विना पालिका समृद्ध नहुने

Scanned with CamScanner



गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले जनताको कामलाई प्राथमिकतामा राखि काम गरिएको बताए । गाउँपालिका तथा सरकार सवै जनताको भएको हुदाँ सवैभन्दा पहिलो सेवा गरिव तथा दिनदुखिको लागी दिनुपर्ने उपाध्यक्ष घिमिरेले बताए । एकातर्फ उनीहरुको पहुँच नपुग्ने र सेवा लिन सम्म नसक्ने जनता पहिलो प्राथमिकीकरणमा पर्नुपर्ने भन्दै उपाध्यक्ष घिमिरेले सेवा लिनेले पाईरहने र नपाउनेले नपाउदाँ सर्वसाधरणको सरकार नवन्ने हुदाँ समतामुलक विकासमा जोड दिनुपर्ने बताए ।

प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले संघीय, प्रदेश र स्थानीय तहले निर्माण गरेको विभिन्न कानुनको परिधिमा रही कार्य सम्पादन भईरहेको बताए । सेवाग्राहीको समस्यामा आफु सदैव क्रियाशिल भएको अधिकारीले बताए । जनताको सेवाका लागी बसेको कर्मचारी जनताप्रति उत्तरदायी हुनुपर्ने उनको भनाई रहेको थियो । जनताको सेवाका

प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले संघीय, प्रदेश र स्थानीय तहले निर्माण गरेको विभिन्न कानुनको परिधिमा रही कार्य सम्पादन भईरहेको बताए । सेवाग्राहीको समस्यामा आफु सदैव क्रियाशिल भएको अधिकारीले बताए । जनताको सेवाका लागी बसेको कर्मचारी जनताप्रति उत्तरदायी हुनुपर्ने उनको भनाई रहेको थियो । जनताको सेवाका लागी एकीकृत घुम्ति शिविर, मृगौला परिक्षण, दन्त परिक्षण शिविर, पाठेघरको परिक्षण लगायतका विभिन्न कार्यक्रम गरेको हुदाँ भोलिका दिनमा आम जनताको आवश्यकताका आधारमा पालिका अगाडी वढ्ने अधिकारीले बताए ।



नागरिकको सन्तुष्टि नै सबैभन्दा महत्वपुर्ण पक्ष रहेको भन्दै प्रमुख प्रशासकीय अधिकृत अधिकारीले तेश्रो पक्षबाट सार्वजानिक सुनुवाई हुँदा जनताको वास्तविक आवाज प्रस्तुत हुने बताए । नागरिकको सुझावलाई ग्रहण गर्दै आगामी दिनमा नीति तथा

Scanned with CamScanner

